# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौर,रौतहट
### मधेश प्रदेश, नेपाल

(पाँचौ मटक प्रकाशित मिति २०७९/०८/१६ गते)

**आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी पाँचौ पटकको सूचना।**

गौर नगरपालिकाबाट पारित आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार यस नगरपालिकाले विगतका बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार तपसिलका आय शिर्षकमा कर उठाउन बढाबढको माध्यमद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले पाँचौ पटक सूचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र छुटाछुटै रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र बिक्री हुने अन्तिम मिति २०७९/०८/२२ गते कार्यालय खुल्ने समय सम्म।
२. दरभाउपत्र फाराम दस्तुर रु १,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ।
३. दरभाउपत्र दर्ता हुने अन्तिम मिति २०७९/०८/२३ गते दिउसो १२:०० बजे सम्म हुनेछ, र सोही दिन ५:०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु यस कार्यालयमा खोलिनेछ।
४. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीको ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.वा.०७८/०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
५. दरभाउपत्रदाताले कबुल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक गौरको च.हि.नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर, फर्म/कम्पनी ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.०७८/०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।
६. कबुल गरेको रकम एकमुष्ट बुझाएमा कबुल अंकको १०% ले हुने रकम छुट दिइनेछ। एकमुष्ट रकम बुझाउन नसक्नेलाई दरभाउपत्र स्वीकृत भए पश्चात (३) तिन किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापतको रकम नगदै सम्झौता हुनु भन्दा पहिला नगर कार्यपालिकाको कार्यालय गौरमा बुझाई दोस्रो र तेस्रो किस्ता बराबरको रकम "क" वर्गको बैकबाट गौर नगरपालिकाको नाममा जारी भएको एक बर्ष म्याद भएको बैक जमानत पत्र पेश गर्नु पर्नेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन।
७. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले दरभाउपत्रमा भाग लिन पाउने छैन्।
८. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्ता रकममा मिन्हा हुने छैन। ठेक्का अवधि समाप्त भएपछि धरौटी रकम फिर्ता गरिनेछ।
९. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।
१०. सिलबन्दी खाम माथि दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ।
११. दरभाउपत्र फाराम बिकी तथा दर्ताको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।
१२. दरभाउपत्र, दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजहरु उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पुग्ने छैन।
१३. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| ४/राजश्व/०७९/०८० | गौर बजार (रामजानकी मठ नजिक) गौर २ | बिटौरी कर | ३५,०००/- | (१) एक बर्षको लागि |

२/१६

सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत